# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## नदीजन्य पदार्थको दरभाउपत्र/बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०७/१८

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को घ (६) मा भएको व्यवस्था बमोजिम शान्तिनगर गाउपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा,गिट्टी,बालुवा,ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ को दफा ७ को उपदफा(२) बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०७९/०८० को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरीएको छ । सूचना प्रकाशित भएको मितिले १५/३० दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र /बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र /बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

### आन्तरिक आय ठेक्का विवरण

| क्रम संख्या | ठेक्का न. | नदी / खोलाको घाँटको विवरण | आ.व.२०७९/८० को नदिजन्य पदार्थ विक्रि परीमाण (घन फिटमा) | आ.व.२०७९/८० को नदिजन्य पदार्थ विक्रि शुल्क दर(घन फिटमा) | आ.व.२०७९/८० को नदिजन्य पदार्थ विक्रि वापत जम्मा विक्रि शुल्कको न्यूनतम अंक(भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०७/SRM/०७९/०८० | बान्द्रे खोलाको झोलुङगेपुल घाँट | ४२३७८।०० | ८।०० | ३३९०२४।०० | दरभाउपत्र |
| २ | ०८/SRM/०७९/०८० | च्याटी खोलाको खिलतपुर घाँट | ७४१६१।५० | ८।०० | ५९३२८८।०० | दरभाउपत्र |
| ३ | ०९/SRM/०७९/०८० | केराघारी खोलाको स्कूलमाथि घाँट | ६३५६७।०० | ८।०० | ५०८५३६।०० | दरभाउपत्र |
| ४ | १०/SRM/०७९/०८० | बागर खोलाको खड्कपुर घाँट | १२७१३४।०० | ८।०० | १०१७०७२।०० | दरभाउपत्र |
| ५ | ११/SRM/०७९/०८० | बौलाह खोलाको जुम्लेकुला घाँट | १६९५१२।०० | ८।०० | १३५६०९६।०० | दरभाउपत्र |
| ६ | १२/SRM/०७९/०८० | बौलाह खोलाको विष्णुपुर घाँट | १९७७६४।०० | ८।०० | १५८२११२।०० | दरभाउपत्र |
| ७ | १३/SRM/०७९/०८० | बौलाह खोलाको बाघढोई घाँट | ३१०७७२।०० | ८।०० | २४८६१७६।०० | **बोलपत्र** |
| ८ | १४/SRM/०७९/०८० | बौलाह खोलाको रगैजा घाँट | ११३००८।०० | ८।०० | ९०४०६४।०० | दरभाउपत्र |
| ९ | १५/SRM/०७९/०८० | बौलाह खोलाको कासिपुर घाँट | २७१२१९।२० | ८।०० | २१६९७५३।६० | **बोलपत्र** |
| १० | १६/SRM/०७९/०८० | बबई नदिको कोर्वाड घाट | २११८९०।०० | ८।०० | १६९५१२०।०० | दरभाउपत्र |
| ११ | १७/SRM/०७९/०८० | बबई नदीको देविपुर (१) घाँट | २४७२०५।०० | ८।०० | १९७७६४०।०० | दरभाउपत्र |
| १२ | १८/SRM/०७९/०८० | बबई नदीको देविपुर (२) घाँट | २२६०१६।०० | ८।०० | १८०८१२८।०० | दरभाउपत्र |

ठेक्का सम्बन्धि शर्तहरु:

1. माथि उल्लेखित ठेक्काहरुको लागि रु.१०००/३०००।( फिर्ता नहुने गरी ) दरभाउपत्र /बोलपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ ।
2. ठेक्का अवधि सामान्यतया आ.व.२०७९/८० को जेठ मसान्त सम्म कायम रहनेछ तर ठेक्कामा उक्त अवधि भन्दा अगावै तोकिएको परीमाणमा उत्खनन गरेको खण्डमा उक्त अवधी कम पनि हुन सक्नेछ । साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईने छैन ।
3. IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री बिक्री तथा निकासी गर्न सकिनेछ
4. सम्झौता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा कबोल अङ्कको थप मुल्य अभिवृद्दी कर (१३%) ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
5. धरौटी वापत कबोल गरेको अंकको ५ % रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित बैंक धरौटी खाता नं. ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५/१२० दिनसम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) दरभाउपत्र /बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।धरौटी वापत जम्मा गरेको रकमलाई किस्ता समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
6. दरभाउपत्र /बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित आन्तरिक राजश्व खाता न ०७७०१४००२५०१०८ मा दाखिला गर्नुपर्नेछ ।
7. कारण जनाई वा नजनाई दरभाउपत्र /बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
8. दरभाउपत्र /बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको दरभाउपत्र /बोलपत्र उपर कुनै कारबाही गरीनेछैन।
9. ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
10. उपरोक्त दरभाउपत्र /बोलपत्रहरुको लागि १५ औं दिन सम्म www.bolpatra.gov.np मार्फत खरिद गरि १६/३१ औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्र /बोलपत्र सोही दिन दिनको २:०० बजे शान्तिनगर गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।
11. दरभाउपत्र /बोलपत्र फारामहरु खरिद गर्ने,दाखिला गर्ने,खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा तत्त कार्यहरु गरिनेछ ।
12. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र /बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
13. यस सूचना तथा दरभाउपत्र /बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्र /बोलपत्र हरु मुल्याङ्कनमा समावेश गरिने छैन ।
14. यस सूचना प्रकाशित गरेपछि लुम्बिनी प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।
15. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत